नारायण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दैलेख, कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्याः २०८२/०८३ (प्रशासन)

मितिः २०८२/१२/३

चलानी नं.:

## विषयः दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना।

सूचना नं. ०३/ ०४/ ०५/२०८२/०८३

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।१२।०३)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक)अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन,जीविकोपार्जन,सरसफाइ तथा स्वच्छता, खानेपानी,सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्यका लागि नारायण नगरपालिकामा परियोजना कार्यान्वयन इकाईका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पदहरूको लागि रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता, शैक्षिक प्रमाणपत्र,तालिम सम्बन्धी प्रमाणपत्र तथा कार्यानुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपी
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

**तपसिलः**

क) आवश्यक पदहरू र न्यूनतम योग्यताः

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०३/ २०८२/०८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौं तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |

प्रमुख प्रशासकीय अधिकृत

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०४/२०८२/०८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ०५/२०८२/०८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह- २ जना | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस.इ.इ./एस.एल.सी.वा मान्यता प्राप्त शैक्षिक संस्था र परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे.तालिम प्राप्त।<br>खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ,वहुउपयोगी योजना, कृषि,वायोइन्जिनियरिङ्गवा अन्य सम्वन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

**ख) अन्य विवरणः**

- पहिलो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ,दैलेख मा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्तिहरू, महिला,दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका नारायण नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR)र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न नारायण नगरपालिकाको वेभ पेज,फेसवुक पेज र LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV)स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. १२००।–(अक्षेरुपी एक हजार दुइ सय मात्र), सहायक पाँचौ र चौथो स्तरको लागि रु. १०००।–(अक्षेरुपी एक हजार मात्र) । दरखास्त दस्तुर नारायण नगरपालिकाको रा.वा. वैक दैलेख स्थित आन्तरिक खाता नं. ४०१०१००३०१०१०००२ मा बैंक दाखिला वा राजश्व शाखामा नगद जम्मा गरि सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।
-

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना तथा प्रविधि शाखा
सूचना कार्यालयको वेभपेजमा डाउनलोड गरी फेसवुक पेजमा समेत राखिदिनुहुन ।